काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www.kankrebihar.com



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १७९ | शनिवार, २८ चैत, २०८२ | Saturday, 11 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

सहकारीको नेतृत्वमा अब्बल कर्णालीका महिला

काँक्रेविहार संवाददाता
सुर्खेत, २७ चैत

जन्मिएको तीन महिनामै आगलागीमा परेर दुबै खुट्टा गुमाएकी महिला जसको जीवनको सुरुवात नै असहजताबाट भयो उनकै सक्रियता र नेतृत्वले अहिले सुर्खेतका महिलाको जीवन फेरिएको छ भन्दा धेरैलाइ पत्यार लाग्दैन। उनीहरू आर्थिक रूपले सबल छन् र नेतृत्व लिन समेत सक्षम छन्। सुर्खेतको गुर्भाकोट नगरपालिकाको १२, १३ र १४ नम्बर वडाका महिलाहरुको आर्थिक अवस्था फेर्न महत्वपूर्ण भूमिका खल्ने महिला हुन् दिपा राना। उनकै नेतृत्वमा अहिले त्यहाका महिलाहरूले विभिन्न व्यवसाय गरेर आर्थिक लाभ लिइरहेका छन्।

दुवै खुट्टा नहुँदा विद्यालय जान दीपालाइ ठुलो सकस थियो। हातले टेकेर विद्यालय जानु पर्दाको अथाह पिडाले पनि उनको आत्मविश्वासलाइ रोकेन। शारिरिक सिमितताले उनको सोचलाइ सिमित बनाएन। आफू मात्र होइन, गाउँका महिलाहरू पनि अरूको भरमा बाँच्नु पर्ने अवस्थालाइ बदल्ने सपना उनले त्यहि बेलादेखि देखिन्। परिवारको साथ र सहयोगले उनले आँट बटुलिन् र अघि बढिन्।

वि सं २०६५ सालमा उनले गाउँमा प्रौढ शिक्षा कक्षा सुरु गरिन्। पढ्न-लेख्न सिकाउन थालेपछि उनले महिलाहरूलाई हरेकले २०/२० रुपैयाँ बचत गर्न प्रस्ताव राखिन्। बचत मात्र होइन आय आर्जन पनि गर्नुपर्छ भन्ने सोच बनाएर उनले अम्रिसो खेती र अन्य सामूहिक तरकारी खेती गर्न पनि उनले सुझाइन्। त्यसबाट भएको आम्दानी पनि महिलाहरुले कोषमा जम्मा गरे।

वि सं २०६७ सालसम्म आइपुग्दा बचत रकम एक लाख पुग्यो र त्यति नै बेला सहकारी छलफल पनि चल्यो। सुरुवात सजिलो थिएन। समूहमा आवद्ध हुन आग्रह गर्न घरदैलोमा जाँदा लखेट्ने, ढुंगा हान्ने घटनासमेत भए। तर दिपाले हार मानिनन्। अन्ततः विसं २०६७ सालमा महिला परिवर्तन साना किसान कृषि सहकारी संस्था लिमिटेड नाम राखेर सहकारी दर्ता गरियो। सुरुका दुई वर्ष उनले सहजकर्ताका रूपमा काम गरिन्। अहिले उनी व्यवस्थापकका रूपमा काम गरिरहेकि छिन्। सो सहकारीमा अहिले गुर्भाकोटका तीन वडाका १७ सय ४० महिला सदस्य छन्। सहकारीको पुँजी २९ करोडभन्दा बढी र शेयर पुँजी दुई करोड ९७ लाखभन्दा माथि पुगेको उनले जानकारी दिइन्।

सहकारी, बचत र ऋणमै मात्र सिमीत छैन। आफ्नै बिउ ग्रेडिङ उद्योग सञ्चालन, बिउ पैँचो दिएर उत्पादन गराउने र सहकारीले नै खरिद-बिक्री गर्ने व्यवस्था गरिएको छ। 'हामीले एक केजी बिउ पैँचो दिन्छौं,' उनले भनिन्, 'पछि उत्पादन भएपछि त्यो बिउ फिर्ता लिने र अरु खरिद गरेर हामीले नै बिक्री गरिदिन्छौं, धान, गहुँ, मकै, कोदो, र अन्य तरकारी पनि लगाउन भन्छौं।'

पशु तथा कृषि प्राविधिक सेवा पनि सहकारीले नै दिने गरेको दिपाले बताइन्। यस बिचमा महिलाहरूको निर्णय क्षमतामा आएको परिवर्तनलाई दीपा सबैभन्दा ठूलो उपलब्धि मान्छिन्।

दीपाको नेतृत्वले सहकारी पनि योजनाबद्ध ढंगले सञ्चालन गरेको छ। वि सं २०६७-०७० सम्म सहकारीको प्रवर्द्धनमा ध्यान दिइयो। २०७०-०७३ सम्म पुँजी विस्तार, २०७४-०७८ सम्म नीति र प्रणाली निर्माण, २०७९-०८३ सम्म सुदृढीकरणका लागि विभिन्न व्यवसाय सुरु गर्ने र २०८४ देखि २०८९ सम्म व्यवसाय छनोट गरेर दीर्घकालीन मोडेलमा लैजाने र २०८९ पछि भने सहकारी स्वचालित रूपमा सञ्चालन गर्ने लक्ष्य रहेको उनले बताइन्। काम गर्दै जाँदा उनले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मान पाएकी छिन्। उनी त्यसलाइ व्यक्तिगत नभइ सामूहिक उपलब्धि मान्छिन्।

करिब १३ वर्षअगाडि सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-१ की भुमिसरा श्रेष्ठ सामाजिक परिचालकको रुपमा आफ्नै वडामा गठन भएका महिला समूहहरु सञ्चालन गर्थिन्। एउटा वडाका १५ देखि २० जना महिलाहरुको समूह चलाउनु भन्दा सहकारी नै सञ्चालन गरेर धेरै महिलालाई उद्यमी बनाउन सकिन्छ भन्ने उनलाइ जहिल्यै लागि रहन्थ्यो।

तर त्यसका लागि उनी एक्लैको आँटले मात्रै पुग्दैनथ्यो। अन्तराष्ट्रिय गैरसरकारी संस्था हेफर इन्टरनेशनल नेपाललेवीरेन्द्रनगरका १ देखि १२ नम्बर वडासम्म गठन गरेका महिला समूहहरुमा उनले सहकारीको योजना सुनाइन्। 'हेफरको परियोजना सक्किएपछि एउटा समूहमा करिब एक-दुई लाख रूपिया बचेको थियो,' उनले भनिन्, 'सहकारी खोलेको खण्डमा बचत भएको रकमको उचित सदुपयोग हुने सुझाव महिला दिदी बहिनी समक्ष राखे उहाँहरुले पनि सहमति जनाउनुभयो।' अन्ततः महिला समूहमा आवद्ध महिलाहरुको आँट र साहसले सहकारी खोल्ने निधो गर्‍यो। श्री सम्भौता सामाजिक उद्यमी महिला सहकारी संस्था, वीरेन्द्रनगर-१ भनी नामाकरण पनि गरियो। इन्द्रा चालिसेको संयोजकत्वमा तदर्थ समिति गठन गरी वि सं २०६९ सालमा सहकारी दर्ता गरियो। सो सहकारीमा ९२ जना महिला सहभागि थिए।

सहकारी के-कसरी सञ्चालन गर्ने भन्ने कुरा थाहा नभएपै पनि त्यतिबेला आँट गरेको भूमिसरा सुनाउँछिन्। सोही समयदेखिनै उनी सहकारीको व्यवस्थापक भएर काम गरिरहेकी छिन्। 'वीरेन्द्रनगरमा ठूला-ठूला नाम चलेका सहकारीका अगाडी महिलाले नेतृत्व गरेर सहकारी खोल्नु कम चुनौतीपुर्ण थिएन। तर पनि आँट गरियो र सफल पनि भएर देखाइयो,' उनी भन्छिन्। ९२ जना सदस्यबाट प्रतिव्यक्ति एक हजार रुपैयाँ उठाएर ९२ हजार सेयर पुँजी रहेको उक्त सहकारीको अहिले २२ लाख सेयर पुँजी छ।अहिले नगरपालिकाको १ देखि ४ नम्बर वडाका ६ सय ५८ जना महिलाहरु सहकारीमा आवद्ध छन्।

सहकारीबाट ऋण लिएर महिलाहरुले डेरी, अर्गानिक खाद्यवस्तु संकलन केन्द्र, टेलर, विभिन्न कृषि व्यवसाय सञ्चालन गरिरहेका छन्। महिलाहरुले कर्णालीमा हुने स्थानीय उत्पादनलाई नेपालका विभिन्न जिल्लामा पुऱ्याइरहेका छन्। करिब २० लाख लगानी गरेर महिलाहरुले कर्णालीको अर्गानिक उत्पादन संकलन तथा विक्री गरिरहेको व्यवस्थापक भुमिसरा बताउँछिन्

कर्णालीकी भुमिसरा मात्र होइन दैलेखकी दुर्गा थापाले विगत चार वर्षदेखि सहकारीको नेतृत्व सम्हालिरहेकी छिन्। सुरुमा सामान्य वचत र ऋण लगानी गर्नका लागि गठन भएको नमुना महिला समुहबाट उनको नेतृत्वमा भगवतीमाई महिला कृषि सहकारी संस्था खोल्न सफल भएपछि उनको यात्रा महिलाहरुलाई आर्थिक रुपले सबल बनाउनेतर्फ मोडियो। सहकारीले छोटो समयमा नै सफलता हाँसिल गऱ्यो।

मासिक वचत सय रुपैयाँ मात्रै उठाउने र सेयर रकम आफ्नो इच्छाबमोजिम हाल्ने भनी सुरु गरिएको सहकारीमा वचत बाहेक ८४ हजार सेयर पुँजी थियो। जुन अहिले करिब १९ लाख ९४ हजार पुगेको छ। सहकारीले मुख्यमन्त्री कार्यालयको बिउँपुजी अनुदानमार्फत १५ लाख रूपियाको कार्यक्रम पाएको थियो। जसमा तीन लाख विविध खर्च र १२ लाख बिउँपुजीको लागि ऋण लगानी गरेर पुँजी बढेको अध्यक्ष दुर्गाको भनाइ छ।

अहिले सहकारीबाट महिलाहरुले तरकारी खेती, बाख्रा पालन, भैँसी पालन, दालमोठ उद्योग सञ्चालन गरिरहेका छन्। सहकारीले आफ्नो कार्यक्रम विस्तार गरी अन्य उद्यम थप गर्ने योजना बनाइरहेको छ। अध्यक्ष दुर्गाले दुना टपरी उद्योग सञ्चालन गर्दा प्रभावकारी हुने देखिएको भन्दै केही समयभित्र उक्त उद्योग खोलिने बताइन्। 'महिलाबाट सन्चालित भएकै कारणा सहकारी विश्वास गरिँदैन,' उनले भनिन्, 'स्थानीय र प्रदेश सरकारले हामीलाई वेवास्ता गरेको जस्तो लाग्छ, महिलालाई सशक्त बनाउने खालका कार्यक्रमहरु भएको भए सहज हुन्थ्यो।'

महिलाहरुलाई खासगरि सीपमुलक तालिमको आवश्यकता रहेको उनको भनाइ छ।

जुम्लाकी विष्णुमाया बुढा तिला गाउँपालिकाकी पुर्व उपाध्यक्ष हुन्। उनी हाल चन्दननाथ वहुउदेश्यीय सहकारी संस्था लिमिटेडकी अध्यक्ष हुन्। उनी गत भदौमा मात्रै उक्त सहकारीकी अध्यक्षमा सर्वसम्मत चयन भएकी हुन्। यो भन्दा अगाडी उनले तीन वर्षसम्म सहकारीको कोषाध्यक्षका रुपमा काम गरिन्। सहकारीको स्थापना २०३१ (सहकारीको स्थापना विसं २०३१ सालमा भएपनि विभिन्न कारणले सहकारी बन्द भएपछि २०६८ सालदेखि पुनः सञ्चालनमा आएको हो।) मा भएको भनिए पनि पुन सन्चालन भने वि सं २०६८ सालमाभएको हो। सहकारीको सुरुवात भने दुर्गा न्यौपानेको नेतृत्वमा भएको उनी बताउँछिन्। सहकारीको अहिले कर्णाली प्रदेशभर शाखा छन्। जसमा २५ हजारभन्दा बढी महिला सदस्य मात्रै छन्। सहकारीले प्रदेश भरि २१ वटा सेवा केन्द्र खोलेको अध्यक्ष विष्णुमायाले जानकारी दिइन्। जुम्लामा हुने स्थानीय उत्पादनको खरिद विक्री गर्ने काममा पनि महिलाहरु सक्रिय भएर लागेका छन्। उक्त उत्पादन खरिद तथा विक्रीका लागि जुम्लामा पसल राखिएको छ जसको शाखा सुर्खेत र काठमाडौंमा पनि छ।

सहकारीको उदेश्य ऋण लिने र दिने मात्र नभई महिलाहरुलाई एक्यवद्ध बनाउने र उनीहरुलाई आर्थिक रुपले सक्षम बनाउने रहेको उनको भनाइ छ। 'सहकारीमा वचत गर्ने, सहकारीबाट ऋण लिने र आफूले उत्पादन गरेका वस्तु फेरि सहकारीमा नै दिने हाम्रो नीति छ,' उनले भनिन्, 'ऋणको किस्ता तिर्ने पैसा छैन भने आफुले उत्पादन गरेको वस्तु दिएर किस्ता कटौति गर्न सक्ने व्यवस्था गरिएको छ।' किसानलाई बजार नपाएर आफ्ना उत्पादनहरु खेर फाल्न नदिने गरी सहकारीले काम गरेको अध्यक्ष विष्णुमायाले बताइन्।

सहकारीमा आवद्ध सदस्यहरुले सेयर सदस्य बनेको तीन महिना पुगेपछि तीन लाखदेखि एक करोडसम्म ऋण लिन पाउँछन्। आठ लाखसम्म ऋण लिँदा धितो राख्न नपर्ने उनको भनाइ छ।

कुनै समय घरधन्दामा मात्रै सिमीत कर्णालीका महिलाहरु अहिले आफै पैसा कमाउने भएका छन्। यति हुदाँ हुदै पनि महिलाले नेतृत्व गरेका सहकारीमाथि मानिसले हत्तपत्त विश्वास नगर्ने सम्भौता सामाजिक उद्यमी महिला सहकारी संस्था, वीरेन्द्रनगर-१ की व्यवस्थापक भुमीसरा *बाँकी पृष्ठ ४*


समूहका महिला सदस्यहरुसँग दीपा राना ।।




किसानले उत्पादन गरेको आलु सहकारीले खरिद गर्नका लागि बनाएको मापदण्डबमोजिम प्याकिङ भयो/भएन भनी अनगमन गर्दै सहकारीको व्यवस्थापक दीपा राना।


बंगुर पालनका लागि ग्रामीण कर्जा लिएर खोर बनाउनुपर्ने किसानले खोर बनाए/नबनाएको अनुगमन गर्दै दीपा राना।


सहकारीकी व्यवस्थापक दीपा राना आफ्नो कार्यालयमा बसेर काम गर्दै।

उपसभामुखमा रूबी ठाकुर निर्वाचित



काँक्रेविहार संवाददाता
काठमाडौं, २७ चैत

प्रतिनिधि सभाको उपसभामुखमा रुबीकुमारी ठाकुर निर्वाचित भएकी छन्।

शुक्रबार प्रतिनिधि सभाको बैठकमा भएको निर्वाचनमा ठाकुर उपसभामुख निर्वाचित भएकी हुन्। बैठकमा सांसद आरेन राईले राखेको ठाकुरलाई प्रतिनिधि सभाको उपसभामुख निर्वाचित गरियोस् भन्ने प्रस्ताव बहुमतले पारित भएको सभामुख डोलप्रसाद अर्यालले घोषणा गरेका थिए।

प्रस्तावको पक्षमा २२९ मत परेका थिए। त्यस्तै, विक्षक्षमा पाँच मत परेका थिए भने मत दिन्न भन्ने पक्षमा २२ मत परेका थिए। प्रतितिधि सभाको बैठकमा २५६ सांसद उपस्थित रहेका थिए।

उपसभामुखमा ठाकुरलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाली काग्रेस, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र श्रम संस्कृति पार्टीका सांसदले मत दिएका थिए।

विपक्षमा राप्रपाका सांसदले मत दिएका थिए भने नेकपा (एमाले)का सांसदले मत दिएनन्।


यसअघि सभामुख अर्यालले राप्रपा सांसद सरस्वती तामाङलाई उपसभामुखमा निर्वाचित गरियोस् भन्ने प्रस्ताव अस्वीकृत भएको घोषणा गरेका थिए। राप्रपा सांसद ज्ञानबहादुर शाहीले राखेको प्रस्तावमा निर्वाचन हुँदा पक्षमा पाँच मत खसेका थिए। राप्रपाका सांसदले मत दिएका थिए।

प्रस्तावको विक्षमा २१५ मत परेका थिए भने मत दिन्न भन्ने पक्षमा ३७ मत परेका थिए। रास्वपा, कांग्रेस, नेकपा र श्रम संस्कृति पार्टीले विपक्षमा मतदान गरेका थिए भने एमालेले मत दिन्न भन्ने पक्षमा मत दिएको थियो।

प्रतिनिधि सभाको शुक्रबारको बैठकमा २५७ सांसद उपस्थित रहेका थिए। एमालेका सांसदले दुवै उम्मेदवारलाई मत दिइएनन्।

उपसभामुखमा निर्वाचित भएकी ठाकुर श्रम संस्कृति पार्टीकी सांसद हुन्। उनी समानुपातिक निर्वाचन प्रणालीबाट सांसद निर्वाचित भएकी थिइन्।

नबिल निःशुल्क जलन उपचार शिविरबाट ५० लाभान्वित



काँक्रेविहार संवाददाता
सुर्खेत, २७ चैत

नबिल बैंक, प्रदेश अस्पताल सुर्खेत र फेक्ट नेपाल को संयुक्त आयोजनामा सुर्खेतमा शुक्रवारदेखि आइतबारसम्म 'नबिल निःशुल्क जलन उपचार शिविर' सञ्चालन हुने भएको छ। शिविरमा जलनका कारण दीर्घकालीन समस्या भोगिरहेका विपन्न तथा आर्थिक रूपमा कमजोर नागरिकलाई परामर्श, उपचार तथा आवश्यक शल्यक्रियासम्मका सेवा प्रदान गरिने आयोजकले जनाएको छ।

सुर्खेतमा सञ्चालन हुने यस शिविरबाट करिब ५० जना जलन पीडित लाभान्वित हुने अपेक्षा गरिएको छ। जटिल प्रकृतिका बिरामीलाई थप उपचारका लागि काठमाडौंस्थित कीर्तिपुर अस्पताल मा रिफर गरी निःशुल्क उपचारको व्यवस्था गरिने जानकारी दिइएको छ।

संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत सञ्चालन गरिएको यो कार्यक्रम आगामी दिनमा लुम्बिनी प्रदेश तथा मधेश प्रदेश का जनकपुर र वीरगञ्जमा पनि विस्तार गरिने नबिल बैंकले जनाएको छ। यसअघि फागुन १२ देखि १४ गतेसम्म धनगढीमा सञ्चालन गरिएको पहिलो शिविरबाट ६५ जना जलनका बिरामीले निःशुल्क उपचार पाएका थिए।

तीमध्ये २० जनाको सेती प्रादेशिक अस्पताल मा शल्यक्रिया गरिएको थियो भने जटिल अवस्थामा रहेका १८ जना बिरामीलाई काठमाडौं साँखुस्थित सुष्मा कोइराला मेमोरियल अस्पताल मा रिफर गरिएको थियो।

शिविरमा आगोले पोलेर शरीरको एक भाग अर्को भागसँग जोडिएको, हातका औँलाहरू टाँसिएको अवस्था भएका बिरामीहरूले निःशुल्क उपचार पाउनेछन्। साथै जन्मजात ओठ-तालु चिरिएको, औँला जोडिएको वा बढी भएको तथा चोटपटकका कारण समस्या भोगिरहेका व्यक्तिहरूले पनि परामर्श सेवा लिन सक्ने व्यवस्था गरिएको छ।

आजबाट कर्णाली उत्सव

काँक्रेविहार संवाददाता
सुर्खेत, २७ चैत

कर्णाली उत्सव 'कुडा कर्नाली)को सातौँ संस्करण आज शनिबारदेखि सुरु हुने भएको छ। वीरेन्द्रनगरको सिटी हल बाहिर प्राङ्गणमा हुने उक्त उत्सवमा सिने क्षेत्रका महानायक राजेश हमालदेखि जेनजी आन्दोलनकी चर्चित अगुवा रक्षा बमसम्म वक्ताका रुपमा आउने भएका छन्। आयोजक संस्थाले शुक्रबार पत्रकार सम्मेलन गरेर कार्यक्रमबारे जानकारी गराएको छ। उत्सवका संयोजक कमलराज लम्सालका अनुसार, उत्सव शनिबार, आइतबार र सोमबार गरी तीन दिनसम्म चल्ने छ। 'कर्णालीको भूगोल, संस्कृति र सम्भावनालाई मन्थन गर्ने विचारको साझा चौतारी हो, उत्सव,' उनले भने, 'हरेक वर्ष फागुन ५, ६ र ७ गते हुँदै आएको यो उत्सव यो पटक आम निर्वाचनका कारण सरेर चैत मसान्तमा आइपुगेको हो।'

उत्सवले सकरात्मकताको प्रवर्द्धनका साथसाथै विचारबाट नै विकास सम्भव हुन्छ भन्ने मान्यता स्थापित गर्ने र नागरिकमा आशाको सञ्चार गर्न अधिकतम प्रयासहरु गरिरहेको लम्सालको दाबी छ। उनले अगाडी भने, 'समृद्धिको सपना, उत्तरदायी शासन, मौलिकताको उजागर र प्रश्न गर्ने परम्परालाई आफ्ना मुख्य प्रयासका कर्णाली उत्सवले पुष्टि गरिसकेको छ।' विचारको विमर्शमार्फत समाजमा व्याप्त निराशा चिर्ने र समतामूलक समृद्धिको गोरेटो कोर्ने उद्देश्य राखेको उत्सवमा यो पटक विभिन्न क्षेत्रका विज्ञ, नीति, निर्माता र नागरिक समाजको सहभागिता रहने छ। उनका अनुसार, यो वर्ष तीन दिनमा १५ गटा विविधापूर्ण मुल सत्रहरू समावेश गरिएका छन् अन्य १० सानाछोटा सत्रहरू पनि हुनेछन्। जस अन्तर्गत कर्णालीको माटोमा जन्मिएर समाजमा उदाहरणीय कर्म गरिरहेका तीनजना पैकेलोहरुले आफ्ना संघर्ष र सफलताका कथाहरु सुनाउने छन्। 'हामी मोक्षभूमि कर्णालीको आंगनबाट हामी 'नारी नेतृत्व'देखि 'सिमान्त मान्ठ'का स्वरहरु सुन्ने छौं,' लम्सालले भने।

शनिवार

विद्यार्थीले राजनीति किन नगर्ने ?

> राजनीति सिक्ने विषय विद्यार्थीको व्यक्तित्व विकाससँग जोडिएको कुरा हो । विद्यार्थीले सानै बाट राजनीति सिकेर भोलि असल नेता बन्ने अवस्था आउँदा विद्यार्थीको पढाइ र भविष्य बिग्रिने कुरा छाडौँ, झन् उसले देश र जनताको सुन्दर जीवनको प्रत्याभूति दिने अवस्था बन्छ ।



✍ कपिल सी

'विद्यालयहरू राजनीतिबाट बाह्र हात टाढा रहनुपर्छ भन्नु बुर्जुवा पाखण्ड हो । यो सिद्धान्तको वकालत गर्ने बुर्जुवाहरू नै शैक्षिक प्रणालीलाई बुर्जुवा राजनीतिको आधार बनाएर विद्यालयलाई आफ्ना आज्ञाकारी र योग्य नोकर प्रशिक्षित गर्ने केन्द्रका रूपमा खुम्च्याउन चाहन्छन् । यहाँसम्म कि शिक्षाको विश्वव्यापी मान्यतालाई शिरदेखि पाउसम्मै बुर्जुवाहरूको आज्ञाकारी र योग्य नोकर प्रशिक्षित गर्ने तथा पुँजीको सेवा गर्ने दास निर्माणको केन्द्रमा झार्न चाहन्छन् ।' यो भनाइ हो लेनिनको ।

यो कुरा सन् १९५४ अघि नै लेनिनले भनेका थिए । आज सन् २०२६ भयो । उसो त लेनिनले यो भनाइ व्यक्त गरेको ७२ वर्षभन्दा बढी भयो । सायद तिनताका पनि विद्यार्थीले राजनीति गर्न नहुने बहस भइरहेको हुँदो हो । लेनिनको उपरोक्त भनाइबाट त्यस्ता बहस किन बेतुकका छन् भन्नेबारे त्यसबेलै पर्याप्त बहस भएको पाइन्छ । तर यो बहस आज पनि त्यति नै सान्दर्भिक हो भने जसरी गरिँदै छ ।

यतिसम्म कि शैक्षिक संस्थाहरू शान्ति क्षेत्र भएकाले त्यहाँ राजनीति गर्नुहुँदैन भनिन्छ । मानौं राजनीति शान्ति खलल पार्ने अभियान हो । अझ राजनीतिले पढाइसँगै विद्यार्थीको भविष्य बिगार्ने तर्कहरू पनि सुनिन्छन् । झन् धेरैजसो विद्यार्थी स्वयंले पनि राजनीतिलाई घृणाको विषय बनाइरहेको पाइन्छ । यो सबै बहसबीच विद्यार्थीले राजनीति किन नगर्ने त भन्नेबारे आलेखमा चर्चा गरिनेछ ।

व्यक्तित्व विकासका लागि राजनीति

शैक्षिक क्षेत्रलाई बुर्जुवाहरूले भने जसरी कुनै सङ्गसंस्थामा जागिर खाने आधार निर्माणको थलो मात्रै मान्ने हो भने पनि विद्यार्थीले राजनीति सिक्नु आवश्यक छ । राजनीति वडाध्यक्ष, मेयर, सांसद वा मन्त्री हुन मात्र होइन, संस्था र सङ्गठन सञ्चालनका लागि पनि उत्तिकै आवश्यक विषय हो । सरहरूबीच हेडसर हुन, क्याम्पस चिफ, म्यानेजर, सिइओ, डाइरेक्टर आदि हुन विद्यार्थीमा राजनीतिक चेत जरुरी हुन्छ । राजनीतिक चेतनाले नै व्यक्तिमा सङ्गठन सञ्चालनको क्षमता, निर्णय लिने क्षमता, व्यक्तिबीच सञ्चार गर्ने क्षमता र जोखिम मोल्ने क्षमताको विकास गराउँछ । र, यसरी परिपक्व व्यक्तिद्वारा नेतृत्व गरिने कुनै पनि संस्था वा सङ्गठनले उच्च र प्रभावकारी कार्यसम्पादन गर्न सक्छ ।

राजनीति सम्पूर्ण नीतिहरूको मूल नीति हो । पढ्दापढ्दै गरिने राजनीतिले विद्यालयलाई शैक्षिक वातावरण निर्माणमा विद्यार्थीको भूमिका के हुने भन्नेबारे जागरुक बनाउँछ । विडम्बना, हामी पढ्न आउँदै गर्दा पूर्ण शैक्षिक वातावरण पाइरहेका हुँदैनौं । लाइब्रेरीको समस्या, खानेपानी, गुणस्तरीय क्यान्टिन, सफा शौचालय, आवश्यक खेलकुद सामग्रीको अभावलगायत शिक्षकहरूको समस्यालगायत विषयहरू भोगिरहेका हुन्छौं । यो हाम्रो व्यक्तित्व विकासमा बाधा पुऱ्याउने कुरा हो । यो अवस्थाका विरुद्ध सम्बन्धित ठाउँमा बोल्न, माग राख्न र मागको सम्बोधन गराउन विद्यार्थीहरू एकताबद्ध, सङ्गठित हुनुपर्छ । जुन राजनीतिविना सम्भव हुँदैन ।

विद्यालय हामीले सिक्ने ठाउँ हो । यहाँ हरेक विषयहरू विद्यार्थीले सिक्न पाउनुपर्छ । राजनीति पनि सिक्न पाउनुपर्छ । राजनीति सिक्ने विषय विद्यार्थीको व्यक्तित्व विकाससँग जोडिएको कुरा हो । विद्यार्थीले सानैबाट राजनीति सिकेर भोलि असल नेता बन्ने अवस्था आउँदा विद्यार्थीको पढाइ र भविष्य बिग्रिने कुरा छाडौं, झन् उसले देश र जनताको सुन्दर जीवनको प्रत्याभूति दिने अवस्था बन्छ ।

षड्यन्त्र चिर्न विद्यार्थी राजनीति

लेनिनले ७२ वर्षअघि भनेझैं बुर्जुवाहरू विद्यार्थीलाई आफ्नो आज्ञाकारी र योग्य कारिन्दा मात्रै बनाउन चाहन्छन् । त्यसका लागि पाप, धर्म, रैती नैतिकता, अन्धविश्वास, कोरा भावना र केवल घोकन्ते प्रणालीमा आधारित पाठ्यक्रम पढाएर विद्यार्थीलाई विवश गराइन्छ । पढिरहँदा धेरैजसोले भोलि जागिर खानेबाहेकका अन्य सपना देख्न सक्ने स्थिति नै छैन । अब विद्यार्थीले यो अवस्था स्वीकार गर्नु हुँदैन । जरुर, कसै न कसैले जागिर पनि गर्नुपर्छ । तर सारा विद्यार्थीसँग जागिरबाहेक अरू विकल्प नहुनु आजको युग सुहाउँदो कुरा होइन ।

दुनियाँ उहिले नै चन्द्रमामा पुगिसक्यो । विभिन्न कोणबाट मङ्गल ग्रहको अनुसन्धान हुँदै छ । तर हाम्रो शिक्षा प्रणालीले केवल जीवन निर्वाहका लागि भौंतारिनुपर्ने स्थिति अझै तोड्न सकेन । हामीले पढेर भोलि जागिर खाने भनेको घर व्यवहार चलाउन मात्र हो । घर व्यवहार त मानवजातिले लाखौं वर्षदेखि चलाउँदै आएको छ । आजका विद्यार्थीको अभिभारा दुनियाँको उन्नतिका लागि अध्ययन गर्नु, अनुसन्धान गर्नु र वैज्ञानिक आविष्कार गर्नु हो । तर हाम्रो शिक्षा प्रणालीले त्यो अवसर प्रदान गर्दैन । अवश्य पनि यो चित्रण निराशाजनक छ तर वास्तविकता पनि यही हो ।

अरू कुनै विकल्प नभएर हाम्रो शिक्षा प्रणाली यति पछौटे र निकम्मा भएको होइन । पुँजीका मालिकहरू विद्यालयबाट आज्ञाकारी र योग्य कामदार उत्पादन गर्न चाहन्छन् । यो बुर्जुवाहरूको तुच्छ चाहनाको उपज हो । उनीहरू विद्यार्थीले केही नयाँ सिक्ने स्थिति रोक्न चाहन्छन् र विद्यालयमा राजनीतिको विरोध गर्छन् । तर त्यो झन् ठुलो षड्यन्त्रमूलक राजनीति हो । उज्ज्वल भविष्यको आशमा विद्यालय प्रवेश गरेका सारा विद्यार्थीलाई आफ्नो स्वार्थअनुकूल मात्र हुने गरी खुम्च्याउनु सानोतिनो राजनीति होइन । त्यसैले यो आपराधिक राजनीतिविरुद्ध एकचोटि सारा विद्यार्थीले यो राजनीति बुझ्नुपर्छ ।

अधिकार र विद्यार्थी राजनीति

अनुभवहरूबाट हामी प्रस्ट छौं, विद्यार्थीलाई राजनीतिबाट कटाउन चाहने निकायहरूले विद्यार्थीका अधिकारहरू सुनिश्चित गर्न सक्दैनन् । देशको अवस्थाले विद्यार्थीले पढिसकेपछि सजिलै जागिर पाउने अवस्था छैन । हाम्रा धेरै अग्रजहरूले पढाइसकेर निराश हुँदै विदेश जानुपरेको हामीले देखेका छौं । भोलि हामीले पढिसक्दा त्यसरी विदेश जान नपरोस् भन्नका लागि, हामीले आफ्नो महत्त्वपूर्ण समय, ऊर्जा र लगानी खर्चेर पढिसकेपछि सिकेका कुराहरू आफ्नै देशको हितमा लगाउन पाइयोस् भन्नका लागि हामी स्वयं नै सोच्नुपर्नेछ ।

विद्यार्थीलाई राजनीति गर्नबाट रोक्न खोज्ने शैक्षिक संस्थाहरू, व्यवस्थापन समितिलगायत हामीले विश्वास गरेर, चुनाव जिताएर पठाएका व्यक्तिले सञ्चालन गरिरहेका कुनै पनि सरकारहरू जस्तैः स्थानीय तह, प्रदेश सरकार र सङ्घीय सरकार कतैबाट पनि हामीले भोलि सहजै जागिर पाउने वातावरण निर्माणका लागि काम भइरहेको छैन ।

अनि हाम्रो देशको संविधानमा शिक्षालाई मौलिक हक भनिए पनि व्यवहारमा शिक्षालाई यति महँगो बनाइएको छ कि हामीलाई शैक्षिक शुल्क सम्झेर नै तनाव हुन थाल्छ । एकातिर देशको अवस्थाले नागरिकको आर्थिक अवस्था कमजोर हुनु अर्कोतर्फ महँगो शैक्षिक शुल्क । देशको विकास र समृद्धिका लागि राज्यले विद्यार्थीमा प्रचुर लगानी गर्नु जरुरी छ ।

यसै कारणले शैक्षिक प्रणाली निकै महँगो बनेको छ । अहिले हामीसँगै पढेर देशको सेवाका लागि तयार हुनुपर्ने हाम्रा थुप्रै साथीहरूले पैसाको अभावमा पढ्न पाएका छैनन् । संविधानले व्यवस्था गरेबमोजिम शिक्षालाई व्यवहारमा पनि मौलिक हक बनाउने र हाम्रा सबै साथीहरूले पढ्न पाउने अनि पढिसकेपछि आफ्नो ज्ञानसिप यही देशको प्रगतिमा लगाउने वातावरण निर्माण गर्न राजनीति जरुरी छ ।

जिम्मेवारी निर्वाहका लागि विद्यार्थी राजनीति

परिस्थितिले विद्यार्थीका अघिल्तिर ठुलो जिम्मेवारी सुम्पेको छ । हाम्रो देश आज विश्वमानचित्रमा गरिबीको रेखामुनि छ । त्यस्तै देश, जनता र विद्यार्थीले भोग्नुपरेका जति पनि समस्याहरू छन् जस्तैः महँगी, भ्रष्टाचार, ठगी, बेरोजगारी, निराशा, युवा पलायन, वैदेशिक हस्तक्षेप, यी सबै कुरा खराब राजनीतिका कारणले पैदा भएका हुन् । सिङ्गो देश यी समस्याबाट मुक्ति चाहन्छ । त्यसैले हाम्रो राजनीति सही बनाउनु जरुरी छ । राजनीतिलाई सही बनाउने अभिभारा विद्यालय र विश्वविद्यालयका विद्यार्थीहरूकै काँधमा छ ।

माथि छलफलमा डाक्टर, पाइलट, वकिल, शिक्षक, वैज्ञानिकहरू विद्यार्थीबाट आउने कुरा भयो, त्यसरी नै राजनेता पनि विद्यार्थीबाटै आउने हो । पहिलाजस्तो अहिले कोही पनि सिधै खेत र कलकारखानामा पुग्दैन । भोलि किसान र मजदुर हुने मान्छे पनि आज स्कुलमै छ । अचेल माध्यमिक तहसम्म त लगभग सबैले पढ्छन् । त्यसैले अहिले देशको राजनीतिमा रहेको भ्रष्ट, दलाल र पतित वर्गलाई विस्थापित गर्न योग्य नेताहरू विद्यार्थीले नै दिनुपर्छ ।

सङ्क्रिष्टमा भन्दा गलत राजनीति र खराब नेताहरूको चङ्गुलबाट देशलाई सही राजनीति र असल नेताहरूको मातहतमा ल्याउन सही राजनीतिक व्यवस्था स्थापनाका लागि सङ्घर्ष गर्नु र असल नेता बन्नका लागि अनवरत मेहनत गर्नु विद्यार्थीको जिम्मेवारी हो ।

इतिहासमा विद्यार्थी राजनीतिले यस्तै जिम्मेवारीहरू बहन गर्दै आएको छ । विगतमा राजनीतिक निरङ्कुशता फाल्न विद्यार्थीले ठुलो सङ्घर्ष र बलिदान गरेका छन् । राणा शासन, पञ्चायत व्यवस्था तथा अन्य न्यायपूर्ण आन्दोलनहरूमा विद्यार्थीहरूको आन्दोलनले धेरै ठुलो योगदान गरेको छ । उक्त सङ्घर्षमा आहुति दिने महान् सहिदहरू गङ्गालाल श्रेष्ठ, चिनियाकाजी, मित्रमणि पौडेल, दिलबहादुर रम्तेल, वेनोज अधिकारी, प्रजोल शाहीलगायत हजारौं विद्यार्थी यस आन्दोलनका गर्विला नक्षत्र हुन् ।

परिवर्तनमा उनीहरूले खेलेको भूमिकाकै अवमूल्यन गर्दै गरिने विद्यार्थी आन्दोलन खारेजीको कुरा इतिहासबाट काटिएको वर्तमान र जराविहीन ठड्याउन खोजिएको रुखजस्तो प्रतीत हुन्छ । आजका दिन पनि एउटा स्पष्ट कुरा के हो भने विद्यार्थी आन्दोलन खारेजीको जतिसुकै रटान गरे पनि देशलाई सङ्कट पर्दा यो आन्दोलन आफैं सङ्गठित भएर सडकमा आइपुग्छ र त्यसले नयाँ नेपालको दिशा कोर्ने निश्चित छ ।

(कपिल सी अखिल समाजवादीका केन्द्रीय सचिव हुन् ।)

राज्यले अहिलेसम्म किन मागेन माफी ?



> रविले जे बोले, त्यो राम्रो छ । अरू कुनै नेताले यस्तो हिम्मत आजसम्म गरेका थिएनन् । तर त्यो उनको निजी र पार्टीगत धारणा मात्र हो । राज्यले दलितसँग 'औपचारिक' माफी माग्ने योजना बनाएर अहिलेसम्म अनौपचारिक 'लिप सर्भिस' मात्रै दिनु चाहिँ बेइमानी हो ।

✍ डा. मित्र परियार

नियतवश् हो या ढंग पुऱ्याउन नजानेको, या के त्यस्तो बाध्यता पऱ्यो! नवनिर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकारले प्रारम्भमै दलितलाई 'माछा-माछा-भ्यागुतो' बनाएको छ ।

सरकारले राज्यको तर्फबाट दलित समुदायसँग माफी माग्ने बाचा गऱ्यो । तत् विषयमा पहिलो मन्त्रिपरिषद बैठकमै कार्यसूची बनाएर सर्वत्र हाईहाई भयो ।

तर त्यसलाई दलका नेता रवि लामिछानेको संसदमा भावुक भाषणमा मात्रै सीमित राखियो ।

राज्यको स्थापित विधि र प्रक्रिया अनुसार केही गरिएन ।

रविले जे बोले, त्यो राम्रो छ । अरू कुनै नेताले यस्तो हिम्मत आजसम्म गरेका थिएनन् । तर त्यो उनको निजी र पार्टीगत धारणा मात्र हो । राज्यले दलितसँग 'औपचारिक' माफी माग्ने योजना बनाएर अहिलेसम्म अनौपचारिक 'लिप सर्भिस' मात्रै दिनु चाहिँ बेइमानी हो ।

निरंकुश राजतन्त्र र राणातन्त्रमा मात्रै नेताले जे बोल्यो त्यही राज्यको कानुन हुन्थ्यो र सबैले त्यसलाई शीरोधार्य गर्नुपर्ने बाध्यता थियो । लोकतन्त्रमा त्यस्तो हुँदैन । त्यसमाथि पर्दा पछाडि जे भए पनि, रवि अहिले कार्यकारी प्रमुख होइनन्

राज्यले युगौंको दमन, अन्याय, अत्याचार र अपराधको जिम्मा लिएर दलितसँग क्षमायाचना गर्ने प्रस्ताव अभूतपूर्व र ऐतिहासिक थियो । अस्ट्रेलिया, क्यानडा, बेलायत लगायत पश्चिमा राष्ट्रहरूले पनि कतिपय सन्दर्भमा ती देशका आदिवासी, मूलवासीहरूका नाममा औपचारिक क्षमायाचना गरेका दृष्टान्तहरू छन् ।

नेपाली राज्यले दलितसामु माफी माग्ने कुराले देशभित्र मात्रै नभएर, देशबाहिर पनि चर्चा बटुल्यो । बेलायतबाट प्रकाशित दि इन्डिपेन्डेन्ट, भारतको टाइम्स अफ इन्डिया जस्ता प्रतिष्ठित अन्तर्राष्ट्रिय मिडियाले समेत यो समाचार प्रमुखता साथ छापे ।

बालेन शाह सरकारको यो निर्णयले भारतीय राजनीति समेत तरंगित भयो । संसदमा बहस चल्यो, कतिपय दलित नेता अगुवाहरूले भारतमा पनि राज्यको तर्फबाट दलित समुदायसामु क्षमा माग्नुपर्छ भन्न आवाज उठाउन थाले ।

दुःखको कुरा, नेपाल आफैले आफ्नो वाचा पूरा गर्न सकेन । 'चुपचाप घन्टीमा छाप' भन्ने नारा घन्काएर जितेको पार्टीको सरकारले 'चुपचाप' दलितमाथि 'घात' गऱ्यो ।

राज्यले दलित वा कुनै समुदायसँग माफी माग्ने औपचारिक प्रक्रिया निम्न बमोजिम हुनुपर्छ ।

सर्वप्रथम, आवश्यक लक्ष्य, उद्देश्य र आधार तयार गरी मन्त्रिपरिषदले ठोस निर्णय पास गर्नुपर्छ । दलितसँग माफी नै माग्नुपर्ने कारण के हो, माफी माग्दा सम्बन्धित समुदाय र समग्र समाजलाई कस्तो प्रभाव पर्न सक्छ, आदि विषयहरू स्पष्ट लेखिएको हुनुपर्छ ।

त्यसपछि उक्त निर्णयको दस्तावेज राजपत्रमा प्रकाशन गर्नुपर्छ । राजपत्रमा लिखित विषय राज्यको आधिकारिक दस्तावेज भएकाले त्यसलाई राज्यका हरेक निकाय वा अंगले मान्यता दिनैपर्ने हुन्छ ।

अन्तिममा प्रधानमन्त्रीले त्यो प्रकाशित निर्णय कार्यान्वयन अपील सहित दुवै सदनमा पढेर सुनाउनुपर्छ । आवश्यकता अनुसार उक्त विषयमा संसदमा बहस समेत गर्न सके सुनमा सुगन्ध हुन्छ ।

तर सरकारले यो विधि अपनाएन र अपनाउने छाँट पनि देखिएको छैन ।

अब प्रश्न उठ्छ – किन रास्वपा र बालेन क्याबिनेटले अहिलेसम्म दलितसँग औपचारिक माफी मागेको छैन ? यो ऐतिहासिक निर्णय किन तुहिने संकेत देखिइरहेको छ?

वास्तविकता भोलि थाहा हुँदै जाला । तर सरकार पछि हट्नुका पछाडि मेरा केही अनुमान छन् ।

पहिलो, स्वयं सरकार र रास्वपाको 'स्टन्टबाजी' हो । संसारभरका लोकप्रियतावादी शक्तिहरूको यो गुणबाट रास्वपा पनि अलग छैन ।

राज्यले माफी मागेको भनेर दलित उत्पीडितको मन जित्ने तर त्यसको औपचारिक प्रक्रिया पूरा नगर्ने योजना नै त होइन होला! वा होला पनि!

दोस्रो, राज्यका अन्य शक्तिशाली अंगहरूले अदृश्य तरिकाबाट सरकारलाई रोके कि! राजतन्त्र अन्त्य भए पनि केही राज्य संयन्त्रहरू अझै पनि ज्यादै जातिवादी छन्, मनुवादी छन् । उनीहरू परम्परागत थितिविधि कायमै राख्न चाहन्छन् ।

तेस्रो, समाजमा ज्यादै प्रभावशाली परम्परावादी, धार्मिक सत्ताको दबाब हुन सक्छ । कुनै तरिकाबाट पनि 'जात (अ) व्यवस्था' कमजोर बनाउन नचाहनेले दलितको शिर उठेको देख्न नसकेका हुन सक्छन्

बाहिरी शक्तिको विरोध पनि भयो होला भन्न सकिन्छ

यी सबै मेरा अनुमान हुन् । कारणहरू यिनै वा अरू जे भए पनि बालेन सरकारले दलितमाथि प्रारम्भमै यसरी 'धोका दिनु' गलत हो । यो कुरा प्रधानमन्त्रीले, पार्टी अध्यक्षले र सबैले बुझ्नु जरूरी छ ।

यस्तो बेइमानी सहेर नबस्न म रास्वपाका दलित सांसदहरू र मन्त्रीलाई विशेष आग्रह गर्न चाहन्छु ।

पार्टीले गलत बाटो समात्दा खबरदारी गर्नु र सही बाटोमा हिँड्न लगाउनु तपाईंहरूको नैतिक जिम्मेवारी हो ।

यस विषयमा मुन्टो नलुकाइकन दलित अगुवा, बुद्धिजीवीहरूसँग पार्टी र सरकारले छलफल गरेर अघि बढोस् हामी सरसल्लाह दिन, सहकार्य गर्न तयार छौं । हामी पनि जेनजी आन्दोलनको भावना र मर्म बमोजिम देश र जनताको हितमा काम होस् भन्ने चाहन्छौं ।

तर नेताको छोटो अभिव्यक्ति नै राज्यको औपचारिक माफी हो भन्ने भ्रम नफैलाऔं । यो जमानामा यस्तो बेइमानी पनि नबुझ्ने अज्ञानी नेपाली को होला र?

संसदमा बोल्ने क्रममा रविले भनेका थिए, 'अब जातकै कारणले कोही अपमानित हुनुपर्ने छैन ।'

यस्तो सोच्नु आफैमा गलत होइन । तर तुरून्तै विभेद अन्त्य गर्ने मन्त्र उनको सत्तासँग के छ? जबकि आज पनि सिंहदरबारकै वरपरका घरमा जात नढाँटी दलितले डेरा पाउँदैनन्

त्यसैले, रविले जति बोले, बोले । बालेनले जति बोलेनन्, बोलेनन् ।

अब काम गर्ने भनेका छन्, जो ठीक छ । शुभकामना छ । तर, यसरी उत्पीडित जातिलाई पहिलेका शासकहरूले जस्तै झुक्क्याउने काम नहोस् ।

राज्यले औचारिक माफी माग्छ भनेर चर्चा बटुल्ने, अनि नेताको छोटो भाषणलाई नै राज्यको क्षमायाचना भनेर झुक्क्याउने गर्दा दलितहरू अपमानित भएका छन् । यो हेक्का रहोस् !

चुत्रो वनस्पतिको अत्यधिक दोहन, सरोकारवालासँग स्पष्टताको माग



❐ काँक्रेविहार संवाददाता

कालीकोट, २७ चैत

कर्णाली प्रदेशमा पाइने बहुमूल्य तथा औषधीय महत्व बोकेको 'चुत्रो' वनस्पतिको बढ्दो दोहन र विनाशप्रति चिन्ता व्यक्त गरिएको छ।

पछिल्ला वर्षहरूमा यस वनस्पतिलाई जरैदेखि खनेर संकलन तथा व्यापार गर्ने प्रवृत्ति बढ्दै गएको भन्दै यसको दीर्घकालीन अस्तित्वमै प्रश्न उठाइएको छ।

स्थानीय सरोकारवालाका अनुसार विगतमा 'काउलो' को बोक्रा अत्यधिक संकलन हुँदा जस्तै अवस्था अहिले 'चुत्रो' मा पनि दोहोरिन थालेको छ।

अनियन्त्रित रूपमा संकलन भइरहँदा वनस्पतिको संरक्षणभन्दा व्यापारिक लाभलाई प्राथमिकता दिइएको आरोप समेत लागेको छ।

यस विषयमा सम्बन्धित निकायहरूसँग विभिन्न प्रश्न उठाइएको छ। 'चुत्रो' संकलन तथा बिक्रीका लागि आधिकारिक अनुमति दिइएको छ वा छैन, अनुमति दिइएको भए कसले र कस्तो आधारमा निर्णय गरेको हो भन्नेबारे स्पष्टता माग गरिएको छ।

साथै, उक्त प्रक्रियामा पारदर्शिता र दिगोपनाका मापदण्ड पालना भए नभएकोबारे पनि जिज्ञासा राखिएको छ।

त्यस्तै, स्थानीय तह, डिभिजन वन कार्यालय र वन मन्त्रालयबीचको समन्वय कस्तो रहेको छ भन्ने विषयमा पनि प्रश्न उठाइएको छ।

यस कार्यमा संलग्न निजी कम्पनी वा व्यवसायिक संस्थाहरूको भूमिका तथा तिनीहरूको नियमन कसरी भइरहेको छ भन्नेबारे पनि जानकारी माग गरिएको छ।

विज्ञहरूका अनुसार जरा नै नष्ट हुने गरी गरिने संकलनले पर्यावरणीय सन्तुलनमा गम्भीर असर पार्न सक्छ। यस्तो अवस्थालाई नियन्त्रण गर्न ठोस नीतिगत तथा व्यावहारिक कदम चाल्नुपर्ने आवश्यकता औंल्याइएको छ।

यससँगै भविष्यमा यस्ता बहुमूल्य वनस्पतिको दिगो व्यवस्थापन कसरी सुनिश्चित गर्ने र सम्भावित वातावरणीय क्षतिको जिम्मेवारी कसले वहन गर्ने भन्ने विषयमा पनि स्पष्ट नीति आवश्यक रहेको बताइएको छ।

सरोकारवालाहरूले पारदर्शिता, उत्तरदायित्व र दिगोपनालाई प्राथमिकतामा राख्दै 'चुत्रो' संरक्षणका विषयमा स्पष्ट जानकारी सार्वजनिक गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

बसपार्क अभाव हुँदा सडकमै पार्किङ गर्न बाध्य

❐ काँक्रेविहार संवाददाता

जाजरकोट, २७ चैत

सदरमुकाम खलंगामा व्यवस्थित बसपार्क नहुँदा सवारीसाधन पार्किङमा समस्या बढ्दै गएको छ।

करिब दुई दशकअघि यातायात सेवा सञ्चालनमा आए पनि अहिलेसम्म उचित बसपार्क निर्माण हुन नसक्दा व्यवसायी र यात्रु दुवै समस्यामा परेका छन्।

सदरमुकाम क्षेत्रमा दैनिक पाँच दर्जनभन्दा बढी लामो तथा छोटो दूरीका सवारीसाधन आवतजावत गर्छन्।

बसपार्क अभावका कारण सवारीसाधन सडक किनारमै पार्किङ गर्नुपर्ने बाध्यता रहेको छ। भेरी नगरपालिका-४ शान्तिचौतारामा रहेको हालको बसपार्क सानो हुनुका साथै निजी जग्गामा पर्ने भएकाले एक दर्जन सवारीसाधन पार्किङ गर्नसमेत कठिन हुने गरेको छ।

भेरी गंगा यातायात प्रालिका सुनिल खनालका अनुसार बसपार्क अभावकै कारण सडकमै गाडी पार्किङ गर्नुपरेको छ।

जाजरकोटबाट नेपालगञ्ज, सुर्खेत तथा कालिमाटी-बारेकोट-तल्लुबगर हुँदै डोल्पा र रुकुम पश्चिमसम्म दैनिक तीन दर्जनभन्दा बढी सवारीसाधन सञ्चालन भइरहे पनि उपयुक्त पार्किङ स्थलको अभाव रहेको छ।

जाजरकोट-काठमाडौं रुटमा पनि नियमित सवारी सञ्चालन हुँदै आएको छ। बसपार्क निर्माणका लागि सरोकारवालाबीच पटक-पटक छलफल भए पनि शान्तिचौतारामा बनाउने कि तल्लो थाप्लेमा बनाउने भन्ने विवाद टुंगोमा नपुग्दा समस्या समाधान हुन सकेको छैन।

बसपार्कका लागि छुट्याइएको स्थानमा अव्यवस्थित बसोबास बढ्दै जाँदा समस्या झन् जटिल बनेको व्यवसायीहरूको भनाइ छ।

भेरी नगरपालिका-४ का समाजसेवी खम्बजंग शाहले सरोकारवालाबीचको मतभेदकै कारण सवारीसाधन सडकमै राख्नुपर्ने अवस्था आएको बताए।

पार्किङका लागि पर्याप्त स्थान नहुँदा क्षमता भन्दा बढी सवारीसाधन सडकमा राख्नुपरेको उनको भनाइ छ। लामो तथा छोटो दूरीका सवारीसाधन नियमित रूपमा सञ्चालन भइरहे पनि व्यवस्थित बसपार्क नहुँदा पार्किङ समस्या दिनप्रतिदिन बढ्दै गएको छ।

अदुवा खेतीबाट करोडौं आम्दानी, हजारौं किसान लाभान्वित

❐ काँक्रेविहार संवाददाता

रूकुमपश्चिम, २७ चैत

त्रिवेणी गाउँपालिकामा यस वर्ष अदुवा खेतीबाट उल्लेखनीय आम्दानी भएको छ।

पालिकाभरका किसानहरूले अदुवा बिक्रीमार्फत करिब ५ करोड ५६ लाख ५० हजार रुपैयाँ भित्र्याएका छन्, जसले स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको छ।

गाउँपालिकाको कृषि शाखाका प्रमुख ऐनबहादुर कार्कीका अनुसार यस वर्ष त्रिवेणीभर १५ हजार ९ सय क्विन्टल अदुवा उत्पादन भएको थियो।

उक्त उत्पादन २ हजार ६ सय ५० किसान परिवारबाट आएको हो, जसले अदुवा खेतीलाई मुख्य आम्दानीको स्रोतका रूपमा अंगालेका छन्।

कृषि शाखाका अनुसार अदुवा खेती विस्तार हुँदै गएको छ। हाल पालिकाभर करिब ५ हजार तिन सय रोपनी क्षेत्रफलमा अदुवा खेती भइरहेको छ।

औसतमा प्रत्येक किसानले करिब दुई रोपनी जमिनमा अदुवा उत्पादन गर्दै आएका छन् भने एक रोपनी जमिनबाट झण्डै तीन क्विन्टलसम्म अदुवा उत्पादन हुने गरेको तथ्याङ्कले देखाएको छ।

यस वर्ष किसानहरूले गाउँमै



प्रतिक्विन्टल ३ हजार पाँच सय रुपैयाँको दरमा अदुवा बिक्री गरेका छन्। व्यापारीहरू स्वयं गाउँमै पुगेर अदुवा खरिद गर्ने गरेका कारण किसानहरूलाई बजारको सहज पहुँच मिलेको कृषि शाखा प्रमुख कार्कीले जानकारी दिए।

त्रिवेणी गाउँपालिका-४ खुम्चेरीका किसान नरे खड्काले अदुवा खेतीबाट यस वर्ष करिब एक लाख रुपैयाँ आम्दानी गरेको बताए।

विगत २२ वर्षदेखि निरन्तर अदुवा खेती गर्दै आएका उनका अनुसार अदुवा खेतीले परिवारको जीविकोपार्जनमा ठूलो सहयोग पुगेको छ।

यस वर्ष उत्पादन भएकोमध्ये साढे तीन क्विन्टल अदुवा आगामी सिजनका लागि बीउका रूपमा राखिएको पनि उनले जानकारी दिए।

स्थानीय तहले अदुवा खेतीलाई प्रोत्साहन गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। प्राविधिक सहयोग, उन्नत बीउ, तालिम तथा बजार व्यवस्थापनमा ध्यान दिइएको कारण अदुवा उत्पादनमा वृद्धि हुँदै गएको कृषि शाखाले जनाएको छ। अदुवा खेतीको विस्तारसँगै त्रिवेणी गाउँपालिका कृषिजन्य उत्पादनमा आत्मनिर्भर बन्दै गएको छ भने ग्रामीण क्षेत्रका किसानहरूको आयस्तर सुधार हुँदै गएको देखिन्छ।

यसले कृषिलाई व्यवसायिकरणतर्फ उन्मुख गराउन महत्वपूर्ण भूमिका खेलेको स्थानीय सरोकारवालाहरूको भनाइ छ।

पुल छैन, फेरीकै भरमा यातायात

❐ काँक्रेविहार संवाददाता

बाजुरा, २७ चैत

बाजुराको पूर्वीउत्तर क्षेत्रमा पर्ने स्वामिकार्तिक खापर गाउँपालिकामा कर्णाली नदीमा पक्की पुल नहुँदा सवारीसाधन सञ्चालन अझै फेरीकै भरमा चल्दै आएका छन्।

स्वामिकार्तिक खापर गाउँपालिका र जगनाथ गाउँपालिकाबीच पर्ने कर्णाली नदीमा पुल अभावका कारण यहाँका स्थानीयले वर्षौंदेखि सास्ती भोग्दै आएका छन्।

स्वामिकार्तिक खापर-२ का स्थानीय विरभाने विकका अनुसार नदी वारपारका लागि एउटा मात्र झोलुङ्गे पुल रहेको छ।

सवारीसाधन सञ्चालनका लागि फेरी प्रयोग गर्नुपर्ने बाध्यता छ। पक्की पुल नहुँदा गाडी फेरीकै भरमा चल्छन्।

हामीले पुल निर्माणको माग धेरै पटक गरे पनि अहिलेसम्म पूरा भएको छैन, उनले भने। उनका अनुसार हिउँदमा फेरीमार्फत यातायात सेवा केही सहज भए पनि वर्षायाममा कर्णाली नदीमा पानीको बहाव बढ्दा फेरी सञ्चालन बन्द हुने गर्छ।

त्यस समयमा स्थानीयवासी पुनः पुरानै अवस्थामा फर्किन बाध्य हुन्छन्। स्वामिकार्तिक खापर गाउँपालिका कर्णाली नदीपारिको पालिका



हो।

गाउँपालिका भित्रका अधिकांश वडामा पछिल्लो समय सडक सञ्जाल विस्तार भए पनि नदीमा पुल नहुँदा यातायात सेवा नियमित हुन सकेको छैन।

हिउँदमा सवारीसाधन सञ्चालन भए पनि वर्षायाममा गाडी पिलिचौरसम्म मात्र पुग्ने गरेका छन्। गाउँपालिकाका अध्यक्ष भरत रोकायाले कर्णाली नदीमा पक्की पुल निर्माणका लागि विभिन्न निकायसँग पहल भइरहेको जानकारी दिए।

पुल निर्माण भएमा वर्षभरि नै सवारीसाधन सञ्चालन सहज हुनेछ र स्थानीयको दैनिकीमा ठूलो सुधार आउनेछ उनले भने।

हालसम्म पुल निर्माण नहुँदा स्वामिकार्तिक खापरका स्थानीय वर्षायाममा यातायात सुविधाबाट वञ्चित हुने समस्या यथावत् छ।

सञ्चार विधेयकबारे छलफल, व्यवस्थित बनाउने अपेक्षा

❐ काँक्रेविहार संवाददाता

धनगढी, २७ चैत

सुदूरपश्चिम प्रदेश सरकारले ल्याएको आमसञ्चार सम्बन्धी विधेयकले प्रदेशको सञ्चार क्षेत्रलाई थप व्यवस्थित, मर्यादित र जिम्मेवार बनाउने प्रदेश सभा सदस्यहरूले बताएका छन्।

प्रदेश सभामा विधेयकमाथि भएको छलफलका क्रममा सदस्यहरूले उक्त विधेयकले विचार अभिव्यक्तिको स्वतन्त्रता, प्रेस स्वतन्त्रता तथा नागरिकको सूचना पाउने अधिकारको संरक्षण गर्ने विश्वास व्यक्त गरेका छन्।

प्रदेश सभा सदस्य तुलसी देवकोटाले आमसञ्चार क्षेत्रको तीव्र विस्तार भइरहेका बेला यसको नियमन र संस्थागत विकास अपरिहार्य भएको बताए।

यो विधेयकले सञ्चार क्षेत्रलाई स्वतन्त्र, मर्यादित, जिम्मेवार र नागरिकप्रति उत्तरदायी बनाउनेछ, उनले भने।

विधेयकले सञ्चार माध्यमको दर्ता, नवीकरण तथा नियमनलाई व्यवस्थित बनाउने, साथै सञ्चारकर्मीको न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा र पेशागत



सुरक्षामा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।नेपाली कम्युनिस्ट पार्टीका प्रदेश सभा सदस्य रमेशसिंह धामीले विधेयकलाई थप प्रभावकारी बनाउन समितिमा विस्तृत छलफल आवश्यक रहेको बताए। उनले चलचित्र तथा सूचना प्रविधि क्षेत्रलाई समेत विधेयकको दायरामा ल्याउँदा राज्यको आर्थिक दायित्व घट्न सक्ने सुझाव दिए।

प्रदेश सभा सदस्य दमनबहादुर भण्डारीले सञ्चार क्षेत्रको संस्थागत विकासमा जोड दिँदै नियमन गर्दा प्रेस स्वतन्त्रताको पूर्ण सम्मान गर्नुपर्ने धारणा राखे।

यसैबीच, समसामयिक विषयमा बोल्दै प्रदेश सभा सदस्यहरूले जनजीविकासँग सम्बन्धित विभिन्न मुद्दामा सरकारको ध्यानाकर्षण गराएका छन्।

प्रदेश सभा सदस्य अक्कल रावलले दार्चुलामा झोलुङ्गे पुल निर्माणमा सक्रियता देखाएको भन्दै सांसद हर्क साङपाङप्रति सम्मान व्यक्त गर्दै आगामी आर्थिक वर्षमा पुल निर्माणका लागि बजेट विनियोजन गर्न आग्रह गरे।

प्रदेश सभा सदस्य इन्दिरा गिरीले टीकापुर घटनाको छानबिनका लागि गठित लाल आयोगको प्रतिवेदन यथाशीघ्र सार्वजनिक गर्न र थारू समुदायलाई न्याय दिन माग गरिन्। नेपाली कांग्रेसकी प्रदेश सभा सदस्य गीताकुमारी चौधरीले सिकलसेल एनिमिया र थलासेमिया बिरामीका लागि छुट्टै हेमाटोलोजी सेवा स्थापना गर्नुपर्ने बताइन्।

नेकपा (एमाले) का धर्मराज पाठकले टीकापुर अस्पताललाई प्रादेशिक अस्पतालका रूपमा विकास गर्नुपर्ने धारणा राखे। नेपाली कांग्रेसका विक्रमसिंह धामीले प्रदेश सभा सचिवालयका सचिव देवबहादुर बोगटीको व्यवहारप्रति आपत्ति जनाउँदै सचिवालयको गरिमा जोगाउन विकल्प खोज्न सभामुख भीमबहादुर भण्डारीको ध्यानाकर्षण गराए।

त्यस्तै, रमेशसिंह धामीले कैलाली क्षेत्र नम्बर ५ अन्तर्गत विनियोजित बजेटका आयोजना अलपत्र परेको भन्दै सरकारको ध्यानाकर्षण गराएका छन्।

वीरेन्द्रनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं। गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन्। हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन्। त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं।

आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस्।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस्।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस्।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस्।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस्।
- ग्यास सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस्।

आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस्।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो)।
- आगोको आकारमा विचार पुन्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस्।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस्।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायतालेनिभाउने प्रयास गर्नुहोस्।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस्। यसले आगोलाई सहजरूपमा फैलन दिँदैन।

गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
सुर्खेत
कर्णाली प्रदेश नेपाल

जनहितमा जारी सन्देश !

समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं। गर्मी मौसम शुरु भएसँगै आगलागीका घटना बढ्न सक्छन्। हाम्रो आफ्नै लापरबाहीका कारण आगलागीका घटना धेरै हुने गरेका छन्। त्यसैले समयमै सचेत बनौं, आगलागी हुनबाट बचौं।

आगलागी रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटरजस्ता सामग्री नराख्नुहोस्।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि मान्सा छाडेर टाढा नजानुहोस्।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस्।
- सिलिण्डरको पाइप, सिलिण्डर समय- समयमा जाँच गर्नुहोस् कुनै खराबी वा टुटफुट पाउनु भएमा तुरुन्त मर्मत गराउन लगाउनुहोस्।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस्।
- ग्यास सिलिण्डर घर ल्याउनुअघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस्।

आगलागी भइहालेमा के गर्ने ?

- कुनै आगलागीको घटना भएमा तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस्।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् (विद्युतीय वा अन्य आगो)।
- आगोको आकारमा विचार पुन्याउनुहोस् आगो फैलन सक्ने र आगो नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुणयन्त्रलाई खबर गर्नुहोस्।
- विद्युतबाट आगो लागेको शंका लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस्।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायतालेनिभाउने प्रयास गर्नुहोस्।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरि दिनुहोस्। यसले आगोलाई सहजरूपमा फैलन दिँदैन।

प्रदेश सरकारद्वारा गोल्डकप फुटबल प्रतियोगिता हुने

❐ काँक्रेविहार संवाददाता

कोहलपुर, २७ चैत

खजुरा गाउँपालिकामा पहिलोपटक 'खजुरा गोल्डकप' फुटबल प्रतियोगिता आयोजना हुने भएको छ। लुम्बिनी प्रदेश सरकारद्वारा निर्माण गरिएको खजुरा डि गाउँस्थित मिनी रङ्गशालामा प्रतियोगिता सञ्चालन गर्न लागिएको हो।

आयोजक न्यु डाँफे स्पोर्ट्स क्लबका अध्यक्ष बालाराम खत्रीका अनुसार स्थानीय अगुवाहरूको सहयोग र समर्थनले प्रतियोगिता आयोजना गर्न थप हौसला मिलेको छ।

उनले भने यस प्रतियोगितामार्फत गाउँस्तरमै पनि भव्य खेलकुद कार्यक्रम गर्न सकिन्छ भन्ने सन्देश दिन चाहन्छौं।

प्रतियोगितामा नेपालका चर्चित क्लबहरूसहित विदेशी टोलीहरूको पनि सहभागिता रहनेछ। प्रतियोगितामा गोरखा ब्वाइज स्पोर्ट्स क्लब (बुटवल), संकटा क्लब (काठमाडौं), एपिएफ क्लब (काठमाडौं), फोर ब्रदर्स एफसी (नवलपरासी), काँक्रेविहार क्लब (सुर्खेत) तथा नाइजेरियन जोन क्लब (नाइजेरिया) र जेबीएम फुटबल एकेडेमी (लखनउ, भारत) गरी आठ टोली सहभागी हुने भएका छन्।

प्रतियोगिता चैत ३० गतेदेखि सुरु हुनेछ भने फाइनल खेल वैशाख ६ गते हुनेछ। विजेता टोलीले नगद ७ लाख रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ भने उपविजेता टोलीले ४ लाख रुपैयाँ प्राप्त गर्नेछ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८२/१२/२८

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **बमबहादुर गुरूङ्ग** धनी रहेको, **दर्ता नम्बर** १५७७ बाट **गुमी-२, सुर्खेत**मा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको **निशान पोल्ट्री फर्म** नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नु पर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रूपमा दाबी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

भारतीय एसएसबीको अवरोध, कृषक प्रभावित

❐ काँक्रेविहार संवाददाता

कञ्चनपुर, २७ चैत

कञ्चनपुरको दक्षिणी सीमा क्षेत्रका कृषकहरूले भारतीय सशस्त्र सीमा बल (एसएसबी) को अवरोधका कारण आफ्नै लालपुर्जासहितको जमिन भोगचलन गर्न नपाएको गुनासो गरेका छन्।

स्थानीयका अनुसार विगत छ दशकदेखि नेपाल-भारत सीमा क्षेत्रको नेपालतर्फको जमिनमा खेती गर्दै आएका उनीहरू पछिल्ला चार वर्षयता निरन्तर रूपमा खेती गर्नबाट वञ्चित हुँदै आएका छन्।

दसगजा नजिकको क्षेत्रमा एसएसबीले अवरोध गरेपछि सयौं कट्ठा जमिन बाँझो रहन पुगेको छ। बेलौरी नगरपालिका-१०, सडकघाटका कृषक सुरेश चौधरीले विगतमा १३ कट्ठा लालपुर्जासहितको जमिनमा उखु खेती गर्दै आएको भए पनि २०७८ सालयता सो जमिनमा प्रवेश गर्न नपाएको गुनासो गरे।

उनका अनुसार खेती गर्न जाँदा भारतीय एसएसबीले बन्दुक देखाएर धम्क्याउँदै धपाउने गरेका छन्। सरकारलाई बर्सेनि मालपोत तिर्दै आएको छु तर जमिन उपयोग गर्न पाएको छैन उनले भने।



घरखर्च चलाउनसमेत कठिन भएको छ। त्यस्तै, स्थानीय सन्तोषी चौधरीले पनि १२ कट्ठा जमिनमा खेती गर्न नदिइएको गुनासो गरे।

उनका अनुसार पहिले धान, उखु, गहुँ र दलहन खेती हुँदै आएको जमिन अहिले बाँझो छ र खाद्यान्न किनेर खानुपर्ने बाध्यता सिर्जना भएको छ।

स्थानीय कमला चन्दले लालपुर्जासहितको करिब एक बिघा जमिन प्रयोग गर्न नपाएको बताए। भने भक्तिलाल चौधरीले चार कट्ठा जमिन चार वर्षदेखि बाँझो रहेको जानकारी दिए।

स्थानीयका अनुसार बेलौरी-१० स्थित सीमा क्षेत्र पिल्लर नम्बर ३५ देखि ३६ बीचको क्षेत्रमा एक दर्जनभन्दा बढी कृषक प्रभावित भएका छन्। २०७८ सालयता एसएसबीले सो क्षेत्रमा खेती गर्न निरन्तर अवरोध गर्दै आएको स्थानीयको आरोप छ। वडाध्यक्ष सोमलाल चौधरीका अनुसार एसएसबीले केही स्थानमा खेती गर्न दिए पनि विवादित क्षेत्रमा भने पूर्ण रूपमा रोक लगाएको छ।

उनले स्थानीय र एसएसबीबीचको विवादका कारण समस्या जटिल बनेको बताए। चार वर्षअघि एक किसानको धानबाली कुल्चिएपछि विवाद सुरु भएको हो, उनले भने।

त्यसयता झन्डै पाँच बिघा जमिन प्रयोग गर्न नदिइएको अवस्था छ। वडाध्यक्ष चौधरीले नगर प्रमुख र प्रमुख जिल्ला अधिकारीसँग पटक-पटक छलफल भए पनि ठोस समाधान नआएको बताए।

अन्तर्राष्ट्रिय सीमा सरोकार समिति कञ्चनपुरका संयोजक पल्लवराज भट्टले कूटनीतिक तहबाट समस्या समाधान गर्नुपर्नेमा जोड दिए।

यसैबीच, प्रतिनिधि सभामा कञ्चनपुर-१ का सांसद जनकसिंह धामीले पनि सीमा क्षेत्रमा नेपाली कृषकलाई जमिन प्रयोग गर्न नदिइएको विषय उठाउँदै उच्चस्तरीय कूटनीतिक पहलको माग गरेका छन्।

टी-१२ क्रिकेट उपाधि नेपालगन्ज आठलाई

❐ काँक्रेविहार संवाददाता

नेपालगन्ज, २७ चैत

रमवापुर स्पोर्टस क्लबको आयोजनामा जानकी गाउँपालिका-३ मा सञ्चालन भएको वडास्तरीय 'राजकुमार बर्मा टी-१२ जिल्ला क्रिकेट प्रतियोगिता' को उपाधि नेपालगन्ज उपमहानगरपालिका वडा-८ ले जितेको छ। बाँके जिल्लाका २८ वटा वडाका टोलीहरूको सहभागिता रहेको प्रतियोगिताको फाइनल खेलमा वडा-८ नेपालगन्जले आयोजक जानकी गाउँपालिका वडा-३ लाई ४ विकेटले पराजित गर्दै उपाधि हात पारेको हो।

फाइनल खेलमा पहिले ब्याटिङ गरेको जानकी-३ ले निर्धारित १२ ओभरमा १ सय १४ रन बनाएको थियो। उक्त लक्ष्य पछ्याएको नेपालगन्ज-८ ले ११.४ ओभरमै ६ विकेट गुमाएर १ सय १५ रन बनाउँदै जित सुनिश्चित गऱ्यो।

विजेता टोलीलाई ट्रफीसहित ५० हजार रुपैयाँ नगद पुरस्कार तथा उपविजेता टोलीलाई ट्रफीसहित २५ हजार रुपैयाँ प्रदान गरिएको जानकी गाउँपालिका-३ का वडाध्यक्ष राजकुमार बर्माले जानकारी दिए।

क्रिकेट खेललाई स्थानीय तहसम्म विस्तार गर्ने र नयाँ खेलाडीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको उनले बताए।

फाइनल खेलमा उत्कृष्ट प्रदर्शन गरेका नेपालगन्ज-८ का कुँवर धनन्जय 'म्यान अफ दी म्याच' घोषित भए। त्यसैगरी, प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने क्रममा रूपचन्द कुर्मी 'बेस्ट बलर', रेशम शाही 'प्लेयर अफ दी टुर्नामेन्ट' र भिम कनोजिया 'बेस्ट ब्याट्सम्यान' घोषित भएका छन्।

रमवापुर स्पोर्टस क्लबका अध्यक्ष जोगराज बर्माका अनुसार प्रतियोगिताले स्थानीय स्तरमा क्रिकेटप्रति उत्साह बढाउन महत्वपूर्ण भूमिका खेलेको छ।

सहकारीको...

श्रेष्ठको गुनासो छ। 'यही अवधिमा पुरुषले सञ्चालन गरेको सहकारी भएको भए धेरै प्रगति भइसकेको हुने थियो,' उनले भनिन्, 'तर हाम्रा कुराको संघ तथा प्रदेश सरकारले राम्रोसँग सुनुवाई गर्दैन, स्थानीय सरकारले पनि हाम्रा दिदीबहिनीका लागि विशेष अनुदानको व्यवस्था गर्नुपर्ने हो।'


कर्णालीमा हाल ३ शय ११ वटा दर्ता भएका सहकारी छन् जसको कुल पुँजी करिब १५ अर्ब रुपैयाँ पुगिसकेको छ। यि सहकारीले १५ शय भन्दा बढी व्यक्तिलाई रोजगारी दिएको छ

कर्णाली प्रदेशभरि करिब ६० वटा महिला सहकारी रहेको कार्यालयका सूचना अधिकारी भीम कार्कीले जानकारी दिए। उनका अनुसार यो अनुमानित तथ्यांक हो। 'यीमध्ये कति सक्रिय छन्, कति निष्क्रिय छन्,' उनले भने, 'महिलाहरुले सञ्चालन गरेको तथ्यांक हामीसँग अनुमानित छ तर महिलाको नेतृत्व त अन्य सहकारीमा पनि छन् ठ्याक्कै कति महिलाहरु सहकारीको नेतृत्वमा छन् भन्ने तथ्यांक छैन।'

सहकारीले कर्णालीका महिलामा वित्तीय पहुँच मात्र नभई नेतृत्व, समूह व्यवस्थापन र निर्णय क्षमताको पनि विकास गरेको जिल्ला सहकारी संघका प्रवन्धक ढाकाराम न्यौपाने बताउँछन्। सहकारी मार्फत स-साना ऋण लिएर विभिन्न व्यवसाय गरी महिलाहरू आर्थिक रुपले सबल बनेको उनको भनाइ छ। संघले महिलाद्वारा सञ्चालित सहकारीलाई विशेष अनुदानको व्यवस्था गर्न स्थानीय तथा प्रदेश सरकारसँग समन्वय गरिरहेको प्रबन्धक ढाकारामको भनाइ छ।

सरकारले प्रदेशमा सञ्चालित सहकारीलाई अनुदान दिने गरेको छ। प्रदेश तथा स्थानीय सरकारले महिला तथा अन्य सहकारीलाई कृषिमा आधारित ब्याज अनुदान दिने गरेका छन्। कृषि सहकारीहरुलाई १५ देखि २५ लाखसम्म ब्याज अनुदान दिने गरेको सहकारी सञ्चालक दुर्गा थापाले बताइन्। महिला सहकारीलाई मात्र नभई अन्य कृषि सहकारीलाई पनि अनुदान दिने व्यवस्था गरेको उनको भनाइ छ। उनका अनुसार प्रदेशले सहकारीलाई पठाएको अनुदान आवश्यकताका आधारमा सहकारीले किसानलाई दिने गरको छ।







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)